# एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाडौंको उनन्तीसौं वार्षिक साधारण सभासम्बन्धी सूचना

## प्रथम पटक प्रकाशित मितिः २०८१/०९/०२ गते

**उनन्तीसौं वार्षिक साधारण सभासम्बन्धी सूचना**

यस बैंकको मिति २०८१/०८/२८ गते बसेको सञ्चालक समितिको ४७९औं बैठकको निर्णयानुसार बैंकको उनन्तीसौं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएकाले कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**साधारण सभा बस्ने मिति, स्थान र समय :**

मिति : २०८१ साल पौष महिना २५ गते, बिहिबार (तद्नुसार जनवरी ९, २०२५)

स्थान : त्रिभुवन आर्मि अफिसर्स क्लब, टुँडिखेल, काठमाडौं ।

समय : बिहान १०:०० बजे ।

**छलफलका विषयहरू:**

**(क) सामान्य प्रस्तावः**

१. आर्थिक वर्ष २०८०/०८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात र आ.व.२०८०/०८१ को नाफा-नोक्सान हिसाब (एकीकृत ईक्विटीमा भएको परिवर्तनको विवरण) तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु पारित गर्ने (सहायक कम्पनीहरु एनएमबि क्यापिटल लिमिटेड, एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेड र एन.एम.बि. सेक्युरिटिज लिमिटेडको एकीकृत वित्तीय विवरणहरु समेत) ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.व.२०८१/०८२ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने । (हालका लेखापरीक्षक एस.ए.आर. एशोसिएट्स, चार्टर्ड एकाउण्टेन्ट्स पुनः नियुक्त हुनका लागि योग्य हुनुहुन्छ ।)

**(ख) विशेष प्रस्ताव :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम प्रति शेयर रु.१००।- का दरले रु.३ अर्व बरावरको "एनएमबि ८.२५% अविमोच्य असञ्चिति अग्राधिकार शेयर" जारी गर्ने प्रस्ताव पारित गर्ने ।

२. अविमोच्य असञ्चिति अग्राधिकार शेयर जारी भए पश्चात बैंकको पुँजी बृद्धि गर्नुपर्ने भएकोले बैंकको हालको अधिकृत पुँजी रु.२०,००,००,००,०००/- (अक्षेरेपि बीस अरब मात्र) रहेकोमा सोलाई बृद्धि गरि रु.२५,००,००,००,०००/- (अक्षेरेपि पच्चीस अरब मात्र) पुऱ्याउने प्रस्ताव पारित गर्ने ।

३. अविमोच्य असञ्चिति अग्राधिकार शेयर जारी भए पश्चात बैंकको हाल कायम जारी तथा चुक्ता पुँजी रु.१८,३६,६७,०५,९५९/२४ (अक्षेरेपि अठार अरब छत्तीस करोड सतसठ्ठी लाख पाँच हजार नौ सय उनन्साठी र पैसा चौबीस मात्र) लाई बृद्धि गरि रु.२१,३६,६७,०५,९५९/२४ (अक्षेरेपि एक्काईस अरब छत्तीस करोड सतसठ्ठी लाख पाँच हजार नौ सय उनन्साठी र पैसा चौबीस मात्र) पुऱ्याउने प्रस्ताव पारित गर्ने ।

४. बैंकको प्रबन्धपत्रको दफा ५(कक)(८), ५(कक)(९), ६(क), ६(ख), ६(ग), ७ र ८(झ) तथा नियमावलीको नियम ७, ८, ९, २५(२), २५(३) र २८ मा आवश्यक थप/संशोधन गर्ने ।

५. बैंकको प्रवन्धपत्र तथा नियमावलीको संशोधनको स्वीकृति लिंदा वा अभिलेख गर्दा गराउंदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन तथा अविमोच्य असञ्चिति अग्राधिकार शेयर जारी गर्नका लागि कुनै थप संशोधन आवश्यक भएमा सो समेत गर्न सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध ।**

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

**साधारण सभा सम्बन्धमा थप जानकारी :**

१) वार्षिक साधारण सभा प्रयोजनकालागि मिति २०८१/०९/११ गते एक दिन बैंकको शेयर दाखिल खारेज दर्ता बन्द (Book Close) रहनेछ । उक्त मिति अगावै नेपाल स्टक एक्सचेन्ज लि.मा शेयर कारोबार भई कायम भएका शेयरधनीहरुले मात्र साधारण सभामा भाग लिन र मतदान गर्न सक्नेछन् ।

२) शेयरधनीहरुको जानकारीका लागि वार्षिक संक्षिप्त आर्थिक विवरण यसै सूचना साथ प्रकाशित गरिएको छ । साथै, संक्षिप्त आर्थिक विवरण लगायत वार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु बैंकको वेबसाइट www.nmb.com.np मा पनि राखिएको छ ।

३) वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनीहरूले कुनै एक सक्कल शेयर प्रमाणपत्र/हिताग्राही खाताको प्रमाण र आफ्नो परिचय खुल्ने फोटो सहितको परिचयपत्र वा सोको प्रतिलिपि अनिवार्य साथमा लिई आउनु हुन अनुरोध छ ।

४) वार्षिक साधारण सभामा भाग लिने शेयरधनी महानुभावहरूले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ राखिने उपस्थिति पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । शेयरधनी उपस्थिति पुस्तिका बिहान ९:०० बजे देखि खुल्ला रहने छ ।

५) वार्षिक साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरूले प्रतिनिधिपत्र (प्रोक्सी फारम) सभा शुरू हुनु भन्दा ४८ घण्टा अगावै बैंकको केन्द्रीय कार्यालय बबरमहल, काठमाडौंमा दर्ता गराई सक्नु पर्नेछ ।

६) प्रतिनिधि नियुक्त गर्दा मतदान गर्न अधिकारप्राप्त बैंकको शेयरधनी वाहेक अन्य व्यक्तिलाई नियुक्ति गर्न सकिने छैन् ।

७) नावालक वा बिक्षिप्त शेयरधनीहरूको हकमा बैंकको शेयरधनी दर्ता पुस्तिकामा संरक्षकको रूपमा नाम दर्ता भएको व्यक्तिले मात्र साधारण सभामा भाग लिन वा प्रतिनिधि (प्रोक्सी) तोक्न सक्नेछ । संयुक्त रूपमा शेयर लिने शेयरधनीहरूको हकमा त्यस्तो शेयरधनीहरू मध्येबाट सर्वसम्मत रूपमा मनोनित प्रतिनिधिले वा सो बमोजिम कुनै प्रतिनिधि नियुक्त नभएमा शेयरधनी दर्ता किताबमा पहिले नाम उल्लेख भएको शेयरधनीलेमात्र साधारण सभामा भाग लिन पाउने छ ।

८) शेयरधनीहरूबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरूको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमतिप्राप्त व्यक्तिले जवाफ दिन सक्नेछन् ।

९) कुनै शेयरधनी महानुभावहरूलाई बैंकको सम्बन्धमा केहि जिज्ञासा भए त्यस्तो व्यहोरा लिखित रूपमा सभा हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै बैंकको रजिष्टर्ड कार्यालयमा पठाउनु हुन अनुरोध गर्दछौं । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रूपमा समावेश गरिने छैन ।

१०) साधारण सभामा भाग लिन आउनुहुने शेयरधनीहरूले साधारण सभासंग सम्बन्धित कागजात बाहेक कुनै झोला, पोका वा अन्य सामाग्री नलिई आउनु हुन अनुरोध गरिएको छ ।

### आर्थिक वर्ष २०८०/०८१ को संक्षिप्त आर्थिक विवरण

कम्पनी ऐन २०६३ को दफा ८४ (४) को प्रयोजनका लागि प्रकाशित विवरण

(यो विवरण बैंकको वार्षिक आर्थिक विवरण र संचालकको प्रतिबेदनको संक्षिप्त विवरण मात्र हो ।)

आदरणीय शेयरधनी महानुभावहरु,

बैंकको आर्थिक बर्ष २०८०/०८१ को वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाब र नगद प्रवाह विवरण (एकीकृत ईक्विटीमा भएको परिवर्तनको विवरण) तथा कम्पनी ऐन, २०६३ को दफा १०९ (४) बमोजिमको विवरणहरु समेत समावेश गरि समिक्षा बर्षको कारोवारको सिंहावलोकन, बैंकको वित्तीय अवस्थाको विवरण, यस अवधिमा बैंकले गरेको प्रगति, अर्थतन्त्रको समिक्षा तथा बैंकले हासिल गरेका उपलब्धीहरु सहितको सञ्चालक समितिको संक्षिप्त प्रतिवेदन ।

आर्थिक वर्ष २०८०/०८१ को वित्तीय विवरण Nepal Financial Reporting Standard (NFRS) अनुसार तयार गरिएको छ ।

**१. समिक्षा बर्षको कारोबारको सिंहावलोकन :**

**निक्षेप संकलनः** समिक्षा बर्ष आ.व. २०८०/८१ को असार मसान्तसम्ममा गत आ.व. भन्दा ६.६० प्रतिशतले बृद्धि भई रु.२ खर्व २७ अर्व १० करोड पुगेको छ। कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ३१.१४ प्रतिशत रहेको छ । समिक्षा बर्षको कुल निक्षेपमा (विदेशी मुद्राको निक्षेप सहित) चल्ती निक्षेपको अंश ५.०० प्रतिशत, मुद्दती निक्षेपको अंश ५२.९ प्रतिशत, बचत निक्षेपको अंश ३३.५ प्रतिशत, मागेको बखत तिर्नु पर्ने निक्षेप (कल निक्षेप) को अंश ७.२ प्रतिशत र अन्य निक्षेपको अंश १.४ प्रतिशत रहेको छ ।

**कर्जा तथा सापटः** समिक्षा बर्ष आ.व.२०८०/८१ को असार मसान्तसम्ममा गत आ.व. भन्दा ३.६२ प्रतिशतले बृद्धि भई बैंकको कर्जा लगानी रु.२ खर्व ४ अर्व ६० करोड पुगेको छ । नेपाल राष्ट्र बैंकबाट जारी गरिएको एकीकृत निर्देशन बमोजिम तोकिएका क्षेत्रमा कर्जा प्रवाह सम्बन्धी व्यवस्था अर्न्तगत बैंकको समिक्षा बर्षमा कुल कर्जाको उर्जा क्षेत्रमा १२.२३ प्रतिशत, कृषिमा ११.०७ प्रतिशत र लघु, घरेलु, साना तथा मझौला कर्जामा ४.६८ प्रतिशत लगानी रहेको छ ।

**लगानीः** समिक्षा बर्ष आ.व.२०८०/८१ को असार मसान्तसम्ममा गत आ.व. भन्दा ४.२२ प्रतिशतले बृद्धि भई रु.३४ अर्व ५४ करोड पुगेको छ। बैंकको लगानीमा संगठित संस्थाको शेयरहरुमा लगानी (सहायक कम्पनी समेत) रु.२ अर्व २२ करोड, नेपाल सरकारबाट जारी बण्ड तथा ट्रेजरी विल्समा रु.२९ अर्व १६ करोड, कृषी बण्डमा रु.३ अर्व १६ करोड रहेको छ।

**सञ्चालन खर्चः** समिक्षा बर्ष आ.व.२०८०/८१ को असार मसान्तसम्ममा कुल अन्य सञ्चालन खर्च गत आ.व. भन्दा ४.७५ प्रतिशतले बृद्धि भई रु.१ अर्व ७८ करोड पुगेको छ। बैंकको कर्मचारी खर्च (बोनस बाहेक) समिक्षा बर्ष आ.व.२०८०/८१ को असार मसान्तसम्ममा गत आ.व. भन्दा ४.५० प्रतिशतले बृद्धि भई रु.२ अर्व २७ करोड पुगेको छ । सञ्चालन खर्चहरु स्वीकृत बजेटको परिधि भित्र रहेको छ ।

**आम्दानीः** समिक्षा बर्ष आ.व.२०८०/८१ को असार मसान्तसम्ममा कुल सञ्चालन आम्दानी गत आ.व. भन्दा ८.१७ प्रतिशतले कम भई रु.९ अर्व ४० करोड रहेको छ । समिक्षा बर्षमा बैंकको खुद मुनाफा गत बर्षको रु.३ अर्व २२ करोडको तुलनामा ३०.३५ प्रतिशतले कमी भई रु.२ अर्व २४ करोड रहेको छ । समिक्षा बर्षमा बैंकको खुद व्याज आम्दानी गत बर्षको रु.८ अर्व २५ करोडको तुलनामा १२.५१ प्रतिशतले कम भई रु.७ अर्व २२ करोड रहेको छ। विदेशी विनिमेयको कारोवारबाट हुने मुनाफा गत बर्षको तुलनामा १६.३५ प्रतिशतले बृद्धि भई रु.३४ करोड ३६ लाख पुगेको छ ।

**पुँजीकोष, कर्जा निक्षेप, आधार ब्याजदर र तरलता अनुपातः** बैंकको पुँजीकोष पर्याप्तता अनुपात नेपाल राष्ट्र बैंकबाट तोकिएको ११ प्रतिशत भन्दा माथि १२.८४ प्रतिशत रहेको छ। त्यस्तै, असार मसान्तको कर्जा स्रोत अनुपात (CD Ratio) तर्फ पनि बैंकले कर्जा तथा निक्षेपको संतुलित व्यवस्थापन गरि ८२.५१ प्रतिशतमा कायम राखेको छ। २०८१ असार मसान्तको तरलता अनुपात नेपाल राष्ट्र बैंकले तोकेको सीमाको परिधि भित्र रहि २९.०१ प्रतिशत कायम रहेको छ। २०८१ असार महिनाको बैंकको आधार व्याजदर ८.११ प्रतिशत रहेको छ।

**कर्जा जोखिम ब्यवस्थाः** गत आ.व.२०८०/०८१ मा बजारमा नगद प्रवाहको सन्तुलनमा देखिएको समस्या तथा आर्थिक गतिविधिमा देखिएको सुस्तताका कारणले केही क्षेत्रमा पर्न गएको प्रभावले तथा अन्तराष्ट्रिय परिदृश्यहरूमा देखिएको परिवर्तनसंगै खराब कर्जाको बृद्धिले गर्दा विगतमा खराव कर्जा २.७५ प्रतिशत रहेकोमा समिक्षा वर्षको अन्त्यमा ३.४० प्रतिशत पुगेको छ ।

**ऋणपत्रः** हालसम्म जारी ऋणपत्रको विवरण निम्न बमोजिम रहेको छ ।

| ऋणपत्र | जारी मिति | परिपक्व मिति | व्याज दर | अकिंत मुल्य (दश लाखमा) |
|---|---|---|---|---|
| एनएमबि उर्जा ऋणपत्र १ २०९२/९३ | २० जेष्ठ २०७८ | २० जेष्ठ २०९३ | ४.००% | १,५०० |
| एनएमबि उर्जा ऋणपत्र २ २०९२/९३ | १० जेष्ठ २०७९ | १० जेष्ठ २०९४ | ४.००% | २,७२७ |
| एनएमबि ऋणपत्र २०८७/८८ | ११ जेष्ठ २०७८ | ११ जेष्ठ २०८८ | ८.५०% | २,००० |
| एनएमबि ऋणपत्र २०८४/८५ | २९ चैत्र २०७५ | २९ चैत्र २०८५ | १०.००% | १,६८५ |
| एनएमबि ऋणपत्र २०८९/९० | ३० चैत्र २०७९ | २९ चैत्र २०९० | १०.७५% | ४,००० |

**बैंकको शाखा सञ्जालः** हाल बैंकले २०१ वटा शाखाहरु, ११ वटा एक्सटेन्सन काउण्टरहरु तथा १८७ वटा एटिएमहरुबाट ग्राहकहरुलाई सेवा प्रदान गर्दै आएको छ। बैंकले विभिन्न जिल्लाहरुमा ११ वटा शाखा रहित (ब्रान्चलेस) बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ। बैंकले मलेशियाको क्वालालम्पुर स्थित लेबुह पसार बेसार स्थित विस्मा स्ट्रेटस् ट्रेडिङ्ग बिल्डिङ्गमा स्थापना गरेको सम्पर्क कार्यालयले सम्पर्क बिन्दुका रुपमा रही बैंकको विप्रेषण लगायतका व्यवसाय बृद्धिका लागि कार्य गर्दै आएको छ ।

**२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोवारलाई परेको असरः** अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०२५ मा विश्व अर्थतन्त्र र विकसित अर्थतन्त्रको आर्थिक वृद्धिमा सामान्य सुधार आउने र उदीयमान तथा विकासोन्मुख अर्थतन्त्रको वृद्धिदर स्थिर रहने प्रक्षेपण गरेको छ । राष्ट्रिय परिप्रेच्छमा समग्रमा विदेशी मुद्राको संचीतीको बृद्धिका कारण वाह्य क्षेत्र सुधारउन्मुख देखिएतापनि आन्तरीक मागमा आएको कमि, सुस्त गतिमा चलेको निर्माण क्षेत्र र सोको विस्तारमा देखिएको समस्या तथा पुँजीगत खर्चको कमीले बैंकको व्यवसाय विस्तार तथा कर्जा असुलीमा समस्या पर्न सक्ने देखिएको छ ।

**३. चालु बर्षको उपलब्धि र भविष्यमा गर्नुपर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणाः** बैंकको चालु आर्थिक बर्ष २०८१/८२ को आश्विन महिनासम्मको प्रमुख वित्तीय झलकहरु निम्नानुसार रहेको छः

| क्र.सं. | विवरण | रकम (रू. हजारमा) |
|---|---|---|
| १ | कुल निक्षेप | २४९,१००,२६० |
| २ | कुल कर्जा तथा सापट | २१६,४२४,१५१ |
| ३ | कुल लगानी (सहायक कम्पनीको समेत) | ३३,५९९,५२२ |
| ४ | खुद व्याज आम्दानी | १,९९७,९३४ |
| ५ | कमिशन तथा डिस्काउन्ट र अन्य सञ्चालन आम्दानी | ७५०,१५५ |
| ६ | विदेशी विनिमय कारोवारबाट आम्दानी | ११२,१३२ |
| ७ | कुल सञ्चालन आम्दानी | २,७८७,४७३ |
| ८ | कुल सञ्चालन खर्च (कर्मचारी खर्च समेत) | ९४९,८३९ |
| ९ | सञ्चालन मुनाफा | १,७४८,६८१ |
| १० | खुद मुनाफा | १,१४५,६०३ |
| ११ | चुक्ता पुंजी | १,८३,६६,७०६ |
| १२ | जगेडा तथा कोषहरु | ११,९२९,८५६ |
| १३ | पुंजी पर्याप्तता अनुपात (%) | १२.९०% |

**भावी योजनाः** "समृद्ध नेपालको लागि" भन्ने मुल नाराका साथ बैंकले दिगो बैंकिङ्गमा केन्द्रित रहि दिगो क्षेत्रमा आफ्नो लगानीलाई बढाउदै लागेको छ र सोलाई निरन्तरता दिईनेछ। वातावरणीय तथा सामाजिक जोखिमलाई ध्यानमा राख्दै बैंकले प्राथमिकताप्राप्त क्षेत्रमा व्यवसायलाई विस्तार गर्दै लैजाने छ । साथै, हरित गृह ग्यास उत्सर्जनलाई कम गर्नका लागि बैंकले विषेश रणनीति अपनाउँदै अगाडी बढेको छ । ग्राहक मैत्री तथा प्रभावकारी डिजिटज बैंकिङ्ग सेवा विस्तारलाई बैंकले मुख्य प्राथमिकतामा राखेको छ । सेवाको गुणस्तरलाई बृद्धि गर्दै लैजानका लागि बैंकले छुटै सर्भिस एक्सिलेन्स युनिट खडा गरि आवश्यक जनशक्तीका साथ कार्य गर्दै आएको छ । निक्षेप तथा कर्जा लगानीलाई सन्तुलित रुपमा बृद्धि गर्दै लगिने छ। नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम ऋणपत्र तथा अविमोच्य असञ्चिति अग्राधिकार शेयर जारी गर्ने प्रकृया अघि बढाईने छ।

**४. सञ्चालक समितिमा भएको हेरफेरः** समिक्षा वर्षको मिति २०८०/०९/२६ गते सम्पन्न २८ औं वार्षिक साधारण सभाबाट संस्थापक शेयरधनीहरुको तर्फबाट संचालक पदमा श्री मनोज कुमार गोयल, श्री जीवन कुमार कट्वाल (श्री कर्मचारी संचय कोषको तर्फबाट प्रतिनिधित्व) र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट श्री उत्तम भ्लोन, श्री हरिश्चन्द्र सुवेदी र श्री शिरिष कुमार मुरारका निर्वाचित हुनु भएको छ। एफएमओबाट श्री निको पिलले प्रतिनिधित्व गर्नु भएकोमा उहाँको सट्टामा मिति २०८०/०९/२७ गते देखी श्री शर्मिला संजिब हार्दि प्रकाशले प्रतिनिधित्व गर्दै आउनु भएको छ।

**५. कारोवारलाई असर पार्ने मुख्य कुराहरुः** घरजग्गा क्षेत्र, निर्माण क्षेत्र तथा औद्योगिक क्षेत्रको विस्तारमा देखिएका समस्याका कारण व्यवसाय विस्तारमा पर्न सक्ने असर । वर्तमान आर्थिक, सामाजिक तथा राजनैतिक अवस्थाका कारण कर्जा असुलीमा देखिएको समस्याहरु । अन्तर्राष्ट्रिय राजनीतिमा आएको परिवर्तन तथा द्वन्दका कारणले गर्दा मागमा आएको कमिका कारण लगानीको क्षेत्रमा देखिएको संकुचनबाट बैंकको आम्दानीमा पर्न सक्ने असर । अधिक तरलता भएको कारण निक्षेप र कर्जाको ब्याजदर व्यवस्थापनमा देखिएका चुनौती । अन्तर्राष्ट्रिय आर्थिक तथा वित्तीय क्षेत्रको शिथिलताबाट नेपाली बजारमा पर्न सक्ने असर र सोबाट हुनसक्ने जोखिम ।

**६. लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकमः** आर्थिक वर्ष २०८०/८१ को वित्तीय विवरण अनुसार लाभांश वितरण गर्न सिफारिस नगरिएको ।

**७. कम्पनी तथा यसको सहायक कम्पनीले आर्थिक बर्षमा गरेको प्रमुख कारोबार र त्यस अवधिमा कम्पनीको कारोबारमा आएको महत्वपुर्ण परिवर्तनः** असार मसान्त २०८१ मा एनएमबि क्यापिटल लिमिटेड, एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेड तथा एनएमबि सेक्युरिटिज लिमिटेडसँगको मौज्दात, लगानी तथा कर्जा/सापटी रकमहरु यस प्रकार सारांशमा दिइएको छ :

(रकम रु. हजारमा)

| क.सं. | विवरण | एनएमबि क्यापिटल लि. | एनएमबि लघुवित्त वित्तीय संस्था लि. | एन.एम.बि. सेक्युरिटिज लि. |
|---|---|---|---|---|
| १ | लगानी | ४००,००० | १७२,४८८ | २००,००० |
| २ | कल, चल्ती तथा मुद्दती निक्षेप | १७८,८७२ | ८,२३२ | ९६,२७८ |
| ३ | कर्जा/सापटी | – | २,२२४,२३६ | – |
| ४ | कल, चल्ती तथा मुद्दती निक्षेपमा प्रदान गरिएको ब्याज खर्च | १०,२२५ | – | ९,१९२ |
| ५ | ऋणमा ब्याज आम्दानी | – | ११९,०५५ | – |
| ६ | कार्यालय स्थान पट्टामा लिएको | – | – | १,१०० |
| ७ | एनएमबि बैंकलाई व्यवस्थापन शुल्क भुक्तानी | – | ४,१४८ | – |
| ८ | एनएमबि बैंकको शेयर रजिष्ट्रार कार्य बापतको भुक्तानी | १,०७५ | – | – |
| ९ | ऋणपत्र ट्रष्टी शुल्क एनएमबि बैंकद्वारा भुक्तानी | ४५० | – | |
| १० | एनएमबि हाईब्रिड कोष १ बाट एनएमबि बैंकलाई लाभांश भुक्तानी | २२,८९३ | – | – |
| ११ | एनएमबि ५० बाट लाभांश भुक्तानी | २६,५५३ | – | – |
| १२ | एनएमबि क्यापिटल लिमिटेडबाट एनएमबि बैंकलाई लाभांश भुक्तानी | ६४,६०० | – | – |

**८. आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए त्यसको विस्तृत विवरणः**

बैंकको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन र बैंकमा भएका तथा हुनसक्ने जोखिमहरु व्यवस्थापन गरी बैंकलाई उत्कृष्ट एवं सवल रुपमा संचालन गर्दै लगानीकर्ताहरुको हितको संरक्षण गर्नका लागि बैंक सञ्चालक समितिबाट प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनको अधिनमा रही सञ्चालक समिति तहका लेखा परीक्षण समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ति शुद्धीकरण निवारण समिति र मानव संशाधन समिति गरि चार वटा समितिहरु गठन गरिएको छ । व्यवस्थापन तहमा उच्च व्यवस्थापन समिति, कर्जा जोखिम व्यवस्थापन समिति, सम्पत्ति तथा दायित्व समिति, मानव संशाधन नियुक्ति समिति, सूचना तथा प्रविधि समिति, सुशासन समिति लगायतका समितिहरुले बैंकको जोखिम व्यवस्थापन गर्नका लागि विभिन्न कार्यहरु गर्दै आएका छन् ।

**९. लेखापरीक्षण समितिः**

श्री उत्तम भ्लोन, सञ्चालक - संयोजक

श्री जीवन कुमार कट्वाल, सञ्चालक - सदस्य

श्री रञ्जन पाण्डे, आन्तरिक लेखापरीक्षण विभाग प्रमुख - सदस्य सचिव

नेपाल राष्ट्र बैंकले लेखापरीक्षण समितिको लागि तोकेको निर्देशनको परिधिभित्र रही बैंकको लेखापरीक्षण समितिले आफ्नो कार्य सम्पादन गर्दै आएको छ ।

**१०. शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांश रकमः** २०८१ आषाढ मसान्तमा शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांश रु.२४,२०,५६,१२६/९४ रहेको छ। आर्थिक वर्ष २०६९/०७० सम्मको शेयरधनीहरुले बुझिलिन बाँकी लाभांश लगानीकर्ता संरक्षण कोषमा जम्मा गरिएको छ । बैंकले लाभांश बुझिलिने सम्बन्धमा शेयरधनीहरुको जानकारीका लागि राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रत्येक वर्ष सूचना प्रकाशित गर्ने गरेको छ।

**११. कम्पनी ऐन, २०६३ को दफा १४१ अनुसार खरीद वा बिक्री गरिएको सम्पत्तिको विवरणः** समीक्षा वर्षमा बैंकले काठमाडौं महानगरपालिका वडा नं. १ नक्सालमा कर्पोरेट भवन निर्माणका लागि रु.१,२१,३९,६८,७५०/- (अक्षरेपी रु. एक अरब एक्काईस करोड उनान्चालीस लाख अड्सठ्ठी हजार सात सय पचास मात्र) मुल्यमा कुल क्षेत्रफल १०५ दशमलव ५६२५ आना जग्गा खरिद गरेको छ ।

**१२. लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिकृयाः** बैंकलाई तात्विक असर पर्ने कैफियत नभएको ।

**१३. गुनासो सुनवाई सम्बन्धी व्यवस्था :** सेवाग्राहीलाई पर्ने असुविधा तथा सर्वसाधारणको गुनासो सुनवाई गर्नका लागि बैंक व्यवस्थापन समुहका सदस्य समेत रहेका नायव प्रमुख कार्यकारी अधिकृत श्री सुदेश उपाध्यायलाई गुनासो सुन्ने अधिकारी तोकिएको छ । साथै, ग्राहकको गुनासो सुनवाईका लागि बैंकको वेवसाइटमा अनलाईन पोर्टलको समेत व्यवस्था गरिएको छ ।

**१४. संस्थागत सुशासनः** बैंकमा संस्थागत सुशासनका लागि संचालक समिति स्तरका लेखा समिति, जोखिम व्यवस्थापन समिति, मानव संसाधन समिति तथा सम्पत्ती शुद्धीकरण निवारण समिति रहेका छन् । यि समितिहरुका अलावा व्यवस्थापन तहमा प्रमुख कार्यकारी अधिकृतको संयोजकत्वमा छुट्टै संस्थागत सुशासन समिति रहेको छ । यो समितिले बैंकमा संस्थागत सुशासनलाई प्रभावकारी बनाउनका लागि कार्य गर्दै आएको छ ।

**१५. सञ्चालक समितिको बैंठक तथा पदाधिकारीहरुको आचरणः** विद्यमान ऐन तथा बैंकको नियमावलीमा भएको व्यवस्थाहरु बमोजिम सञ्चालक समितिको बैठक नियमित रुपमा बस्ने गरेको छ । समिक्षा बर्षमा सञ्चालक समितिको बैठक २० वटा बसेको छ । संचालक समितिका अध्यक्ष तथा सदस्यहरुलाई प्रति बैठक क्रमशः रु.१८,०००।- र रु.१६,०००।- बैंठक भत्ता प्रदान गरिएको छ । त्यसैगरी, नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएको एकीकृत निर्देशन २०८० को निर्देशन नं. ६ को बुँदा १ मा उल्लेख भएका आचरणहरु सञ्चालक समितिका सम्पुर्ण पदाधिकारीहरुले पालना गर्दै आउनु भएको छ ।

**१६. लेखापरीक्षकको मन्तब्यः** लेखापरीक्षकले बैंकको वार्षिक आर्थिक विवरणका बारेमा लेखापरीक्षकले शेयरधनी महानुभावहरु समक्ष पेश गर्नु भएको प्रतिवेदन देहाय बमोजिम रहेको छ ।

S.A.R.
ASSOCIATES
CHARTERED ACCOUNTANTS

### एनएमबी बैंक लिमिटेड को शेयरधनीहरुमा
### स्वतन्त्र लेखापरीक्षकको संक्षिप्त वित्तीय विवरणमाथि प्रतिवेदन

**लेखापरीक्षकको राय**

आषाढ ३१, २०८१ (१५ जुलाई २०२४) को संक्षिप्त वित्तीय स्थितिको विवरण, सोहि मितिमा समाप्त भएको आर्थिक वर्षको संक्षिप्त नाफा नोक्सान विवरण, संक्षिप्त अन्य विस्तृत आम्दानीको विवरण, संक्षिप्त इक्वीटीमा भएको परिवर्तनको विवरण र संक्षिप्त नगद प्रवाह विवरण एवं सम्बन्धित लेखासम्बन्धि टिप्पणीहरु संलग्न रहेको संक्षिप्त वित्तीय विवरणहरु, एनएमबी बैंक लिमिटेड (बैंक) र यसका सहायक कम्पनीहरु (समुह) को मिती आषाढ ३१, २०८१ (१५ जुलाई २०२४) मा समाप्त भएको आर्थिक वर्षको लेखापरीक्षण गरिएको एकिकृत वित्तीय विवरणहरूको आधारमा तयार गरिएको हो ।

हाम्रो रायमा, यसैसाथ संलग्न संक्षिप्त वित्तीय विवरणहरू, नेपाल वित्तीय प्रतिवेदनमान अनुरूप, लेखापरीक्षण गरिएका एकिकृत वित्तीय विवरणहरू अनुरुप रहेका छन् ।

**संक्षिप्त वित्तीय विवरण**

संक्षिप्त वित्तीय विवरणहरूमा नेपाल वित्तीय प्रतिवेदन मानहरूद्वारा आवश्यक सबै विवरणहरु (disclosures) समावेश गरिएका छैनन् । त्यसैले, संक्षिप्त वित्तीय विवरणहरू र लेखापरीक्षकको प्रतिवेदन पढ्नु लेखापरीक्षण गरिएको एकिकृत वित्तीय विवरणहरू र त्यसमा लेखापरीक्षकको प्रतिवेदन पढ्नुको विकल्प होइन ।

**लेखापरीक्षण गरिएका वित्तीय विवरणहरू तथा लेखापरीक्षकको प्रतिवेदन**

हामीले मंसिर २१, २०८१ (०६ डिसेम्बर २०२४) को लेखापरीक्षण प्रतिवेदनमा एकिकृत वित्तीय विवरणहरूमाथि कैफियतरहित (Unqualified) राय व्यक्त गरेका छौं । त्यो प्रतिवेदनमा लेखापरीक्षणको मुख्य विषय (Key Audit Matters) पनि समावेश छ ।

**संक्षिप्त वित्तीय विवरण प्रति व्यवस्थापनको उत्तरदायित्व**

नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसार संक्षिप्त वित्तीय विवरण तयार गर्ने उत्तरदायित्व व्यवस्थापनको हो ।

**लेखापरीक्षकको उत्तरदायित्व**

हाम्रो उत्तरदायित्व नेपाल लेखापरीक्षणमान (NSA) ८१० (संशोधित)-*Engagements to Report on Summary Financial Statements* बमोजिमका हाम्रा कार्यविधिहरूको आधारमा, संक्षिप्त वित्तीय विवरणहरू, सारभुत रुपमा, लेखापरीक्षण गरिएका एकीकृत वित्तीय विवरणहरू अनुरुप छन् वा छैनन् भनी राय व्यक्त गर्नु हो।

सुनिर कुमार ढुङ्गेल
प्रबन्ध साझेदार
एस.ए.आर. एशोसियट्स
चार्टर्ड एकाउण्टेण्ट्स

स्थान : काठमाण्डौ
मिति : २०८१।०८।२१

T +977 1 4520807 / 08 / 10 E info@sar.com.np
Address 64 Bishal Basti "Ka", Bishal Nagar, GPO Box 4585, Kathmandu, Nepal

NMB BANK
एनएमबि बैंक
समृद्ध नेपालको लागि

A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands

Member of Global Alliance for Banking on Values

The Banker Bank of the Year 2021 ASIA

Bank of the Year, ASIA 2021
Bank of the Year, Nepal 2017, 2018, 2020 & 2021

NMB Bank Limited, Babarmahal, Kathmandu, Nepal,
GPO Box:11543, Tel: 977 1 5346160 | Call Center: 977-5970150
Fax: 977 1 4246156, Web: www.nmb.com.np
swiftcode: NMBBNPKA

क्रमशः

# एनएमबि बैंक लिमिटेडको
# आर्थिक वर्ष २०८०/०८१ को संक्षिप्त वार्षिक आर्थिक विवरणको बाँकी अंश

**एकीकृत वित्तीय अवस्थाको विवरण**

२०८१ साल आषाढ ३१ गते (जुलाई १५, २०२४) मसान्तको

रकम रु. मा

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | आषाढ मसान्त २०८१ | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०८१ | आषाढ मसान्त २०८० |
| **सम्पत्तिहरु** | | | | |
| नगद तथा नगद समान | २३,३९८,३७२,७५३ | २४,७११,८४६,६०० | २२,५७०,६०२,७०७ | २३,९५८,२७९,९३५ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | १४,७३४,९९१,२६९ | १५,०८६,५००,८८३ | १४,७१०,४९१,२६९ | १५,०५९,५००,८८३ |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ३,०३५,७६५,३२१ | ७५५,८४६,१८६ | ३,०३५,७६५,३२१ | ७५५,८४६,१८६ |
| डेरिभेटिभ (व्यूत्पन्न) वित्तीय उपकरण | ७,५८३,९२२,३४७ | १०,८५०,०७९,१३१ | ७,५८३,९२२,३४७ | १०,८५०,०७९,१३१ |
| अन्य व्यापारिक सम्पत्तिहरु | २०२,६३४,४४४ | ११७,४८६,२१६ | – | २४,७५०,००० |
| बैंक तथा वित्तीय संस्थाहरुलाई कर्जा सापटी | ५,९०६,२००,२६० | ५,९९७,४३१,०९४ | ८,१३०,४३६,६२६ | ७,११६,५२९,१६३ |
| ग्राहकलाई कर्जा तथा सापटी | १९९,६२०,२८९,९७६ | १९२,८०३,७८२,४७५ | १९४,३०४,१८५,८२१ | १८९,०३५,४००,३८८ |
| धितोपत्रमा लगानी | ३४,२५८,६२०,५६४ | ३२,९२०,८७९,७०४ | ३३,७७२,७९६,०६४ | ३२,३७४,९१४,८२८ |
| चालु कर सम्पत्ति | १५४,८०६,७४१ | ६३,३७०,३०६ | १४५,०३७,३८९ | ४४,९४७,६२४ |
| सब्सिडरी (सहायक) कम्पनीमा लगानी | – | – | ७७२,४८७,६०० | ७७२,४८७,६०० |
| सम्बन्ध कम्पनीमा लगानी | – | – | – | – |
| लगानी सम्पत्तिहरु | ८५१,४३६,७०० | ६९७,७०७,५२० | ८५१,४३६,७०० | ६९७,७०७,५२० |
| सम्पत्ति र उपकरण | ३,९१३,६५१,७७८ | २,७४६,९४३,४१७ | ३,७५८,५९०,५३३ | २,५७७,५४९,०८१ |
| ख्याती तथा अमुर्त सम्पत्ति | १५३,०२१,५४१ | १८३,९५३,०१२ | १४८,६२८,१६३ | १७८,६८९,८२९ |
| स्थगन कर सम्पत्ति | ४२२,८९५,२७२ | ४५३,५१०,६०१ | ४२४,६४२,०५४ | ४४८,४११,०३० |
| अन्य सम्पत्ति | ४,७४९,२२६,३२६ | ३,९५१,५४२,४७७ | ४,६५९,१३९,१२६ | ३,८८२,०४७,४९६ |
| **जम्मा सम्पत्ति** | **२९८,९८५,८३५,२९२** | **२९१,३४०,८७९,६२२** | **२९४,८६८,१६१,७२१** | **२८७,७७७,१४०,६९४** |
| **विवरण** | **आषाढ मसान्त २०८१** | **आषाढ मसान्त २०८०** | **आषाढ मसान्त २०८१** | **आषाढ मसान्त २०८०** |
| **दायित्वहरु** | | | | |
| बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी | ३,१६३,१७९,९३२ | २,७३७,२५७,५१० | ३,१६३,१७९,९३२ | २,७३७,२५७,५१० |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी | २,९४८,९५१,१३४ | ३,२८५,९८७,२०३ | २,९४८,९५१,१३४ | ३,२८५,९८७,२०३ |
| डेरिभेटिभ (व्यूत्पन्न) वित्तीय उपकरणहरु | ७,७१०,७९९,७३७ | ११,०६०,३४४,५६७ | ७,७१०,७९९,७३७ | ११,०६०,३४४,५६७ |
| ग्राहकबाट निक्षेप दायित्व | २२५,०५१,६८६,८६४ | २११,५५९,४४०,६४० | २२३,९४२,५९१,९०३ | २१०,३०४,६८७,१४७ |
| सापटी | १२,७१९,२४७,८४९ | १५,२६२,४३७,७३६ | ११,५५२,६५६,३०१ | १४,८१४,९०३,३७९ |
| चालु कर दायित्व | – | – | – | – |
| व्यवस्था | ६,२०९,२३१ | १,६३०,७८७ | – | – |
| स्थगन कर दायित्व | २,४९६,२२६ | १०,५०२,४९७ | – | – |
| अन्य दायित्व | ५,०२२,८८२,४६६ | ५,५६१,६२६,८०६ | ४,१९६,४७१,१६१ | ४,८६१,२१०,४२१ |
| जारी गरिएको ऋणपत्र | १२,३८२,०००,३०१ | १२,२७८,३२९,०७० | १२,३८२,०००,३०१ | १२,२७८,३२९,०७० |
| सुरक्षण नराखिएको सहायक आवधिक दायित्व | – | – | – | – |
| **कूल दायित्व** | **२६९,००७,४५३,७४१** | **२६१,७५७,५५६,८१६** | **२६५,८९६,६५०,४६९** | **२५९,३४२,७१९,२९६** |
| **पूँजी** | | | | |
| शेयर पूँजी | १८,३६६,७०५,९५९ | १८,३६६,७०५,९५९ | १८,३६६,७०५,९५९ | १८,३६६,७०५,९५९ |
| शेयर प्रिमियम | ३७,२१६,२१० | ३७,२१६,२१० | – | – |
| संचित नाफा | ३१८,८२५,४९१ | १,६१२,२४३,४६५ | (९३,८४०,७८२) | १,१४०,८३०,२४० |
| जगेडा | १०,७९६,६१६,२०२ | ९,०६४,५३६,९८४ | १०,६९८,६४६,०७४ | ८,९२६,८८५,१९८ |
| **शेयर धनीहरुलाई बाँडफाँड गर्ने कुल इक्विटी** | **२९,५१९,३६३,८६३** | **२९,०८०,७०२,६१९** | **२८,९७१,५११,२५१** | **२८,४३४,४२१,३९७** |
| **गैर नियन्त्रित स्वार्थ (Non Controlling Interest)** | **४५९,०१७,६८९** | **५०२,६२०,१८७** | – | – |
| **जम्मा पूँजी** | **२९,९७८,३८१,५५१** | **२९,५८३,३२२,८०६** | **२८,९७१,५११,२५१** | **२८,४३४,४२१,३९७** |
| **जम्मा दायित्व र पूँजी** | **२९८,९८५,८३५,२९२** | **२९१,३४०,८७९,६२२** | **२९४,८६८,१६१,७२१** | **२८७,७७७,१४०,६९४** |
| **संभावित दायित्व र संकल्प** | **२०१,००८,२१७,५८६** | **१७९,७३८,४७०,९२६** | **२०१,००८,२१७,५८६** | **१७९,७३८,४७०,९२६** |
| **खुद सम्पत्ति प्रति शेयर** | **१६०.७२** | **१५८.३३** | **१५७.७४** | **१५४.८२** |

**एकीकृत नाफा नोक्सान विवरण**

२०८० श्रावण १ गते देखि २०८१ आषाढ ३१ गते सम्मको (१७ जुलाई २०२३ देखि १५ जुलाई २०२४ सम्म)

रकम रु. मा

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | आषाढ मसान्त २०८१ | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०८१ | आषाढ मसान्त २०८० |
| व्याज आम्दानी | २६,२८९,३०१,४२३ | २७,२८५,७३१,७८८ | २५,६८२,५४२,८८८ | २६,६२२,४६०,२१४ |
| व्याज खर्च | १८,७१५,२६४,८५२ | १८,६९१,०८७,४३२ | १८,४६५,८००,३५५ | १८,३७४,०५६,५५९ |
| **खुद व्याज आम्दानी** | **७,५७४,०३६,५७१** | **८,५९४,६४४,३५६** | **७,२१६,७४२,५३३** | **८,२४८,४०३,६५५** |
| शुल्क तथा कमिशन आम्दानी | २,२०१,०९६,४१२ | २,११७,३६०,८१३ | १,९८७,२०७,४२४ | १,८३३,४७२,६१७ |
| शुल्क तथा कमिशन खर्च | ३११,२३३,०६७ | २८८,८३७,७६१ | ३११,२३३,०६७ | २८६,६११,१०५ |
| **खुद शुल्क र कमिशन आम्दानी** | **१,८८९,८६३,३४५** | **१,८२८,५२३,०५२** | **१,६७५,९७४,३५७** | **१,५४६,८६१,५१२** |
| **खुद व्याज, शुल्क र कमिशन आम्दानी** | **९,४६३,८९९,९१६** | **१०,४२३,१६७,४०८** | **८,८९२,७१६,८९०** | **९,७९५,२६५,१६७** |
| खुद व्यापार आम्दानी | २५३,१७०,१५७ | २४१,५५४,७३६ | २४२,४११,१४९ | २३६,२८५,४३० |
| अन्य संचालन आम्दानी | २०३,५९०,४२७ | २०९,७९३,५२३ | २६४,०११,४३१ | २०४,१४६,५०९ |
| **जम्मा संचालन आम्दानी** | **९,९२०,६६०,५००** | **१०,८७४,५१५,६६७** | **९,३९९,१३९,४७०** | **१०,२३५,६९७,१०६** |
| कर्जाको क्षति प्रभार/(विपयर्य) तथा अन्य हानी | २,०४९,०५९,९५७ | १,५१७,६५६,६७७ | २,०३७,९६६,८७६ | १,४५३,८२०,५७० |
| **खुद संचालन आम्दानी** | **७,८७१,६००,५४३** | **९,३५६,८५८,९९०** | **७,३६१,१७२,५९४** | **८,७८१,८७६,५३६** |
| **संचालन खर्च** | | | | |
| कर्मचारी खर्च | २,९३९,००४,७४७ | २,९८०,३८६,५३३ | २,६३४,४४८,०६५ | २,६८९,१७५,१७६ |
| अन्य संचालन खर्च | १,१४१,९५१,६३५ | १,०२५,४१५,९५७ | १,०१५,५५४,८०७ | ९००,६८१,७२७ |
| ह्रास कट्टी र परिशोधन | ४८५,०१२,७०६ | ५५७,५००,६१२ | ४५८,०७१,८५८ | ५१६,६९८,१०१ |
| **संचालन नाफा** | **३,३०५,६३१,४५५** | **४,७९३,५५५,८८८** | **३,२५३,०९७,८६५** | **४,६७५,३२१,५३२** |
| गैर संचालन आम्दानी | ३,४४२,०११ | ९,९८५,७८० | ३,४४२,०११ | ९,९८५,७८० |
| गैर संचालन खर्च | २५,०२२,८२३ | ७६,६१०,७९८ | २०,९९०,६४८ | ७६,१४८,०९७ |
| **आय कर अघिको नाफा** | **३,२८४,०५०,६४३** | **४,७२६,९३०,८७०** | **३,२३५,५४९,२२८** | **४,६०९,१५९,२१५** |
| आयकर खर्च | | | | |
| चालु कर | १,०६७,६५३,८२७ | १,४७१,३३०,३७६ | १,०२५,७३०,१३४ | १,४३४,८४७,८८४ |
| स्थगन कर खर्च/(आम्दानी) | (२३,३१०,५४६) | (४१,०७७,६५९) | (३४,५७६,२१०) | (४८,२३५,९६१) |
| **यस अवधिको नाफा** | **२,२३९,७०७,३६२** | **३,२९६,६७८,१५३** | **२,२४४,३९५,३०४** | **३,२२२,५४७,२९२** |
| **नाफा बाँडफाँडः** | | | | |
| बैंकको शेयर धनी | २,२६४,४३२,३३६ | ३,३०९,४५५,८८९ | २,२४४,३९५,३०४ | ३,२२२,५४७,२९२ |
| गैर नियन्त्रित स्वार्थ (Non Controlling Interest) | (२४,७२४,९७४) | (१२,७७७,७३६) | – | – |
| **यस अवधिको नाफा** | **२,२३९,७०७,३६२** | **३,२९६,६७८,१५३** | **२,२४४,३९५,३०४** | **३,२२२,५४७,२९२** |
| **प्रति शेयर आम्दानी** | | | | |
| आधारभुत प्रति शेयर आम्दानी (Basic EPS) | १२.१९ | १७.९५ | १२.२२ | १७.५५ |
| डाइलुटेड प्रति शेयर आम्दानी (Diluted EPS) | १२.१९ | १७.९५ | १२.२२ | १७.५५ |

**एकीकृत अन्य विस्तृत आम्दानीको विवरण**

२०८० श्रावण १ गते देखि २०८१ आषाढ ३१ गते सम्मको (१७ जुलाई २०२३ देखि १५ जुलाई २०२४ सम्म)

रकम रु. मा

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | आषाढ मसान्त २०८१ | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०८१ | आषाढ मसान्त २०८० |
| **यस वर्षको नाफा** | **२,२३९,७०७,३६२** | **३,२९६,६७८,१५३** | **२,२४४,३९५,३०४** | **३,२२२,५४७,२९२** |
| **आयकर पछिको अन्य विस्तृत आम्दानी** | | | | |
| **क) नाफा/(नोक्सान) मा पुनः वर्गिकरण नगरिने** | | | | |
| फेयर भ्यालुमा मुल्याङ्कन गरिएका इक्विटी उपकरणका लगानीबाट भएका नाफा/(नोक्सान) | २७६,००२,३०९ | (१४९,४७१,२१६) | २७४,२२९,६७० | (१४८,२८५,९२६) |
| पुनः मुल्याङ्कनबाट भएका नाफा/(नोक्सान) | – | – | – | – |
| परिभाषित लाभ योजनाबाट विमाङ्किक नाफा/(नोक्सान) | (८५,८०४,४६२) | (५४,८५३,७३१) | (७९,७४५,७१२) | (५५,७४८,४२७) |
| माथि उल्लेख गरिएका बुँदाको आयकर | (५७,०५९,३५४) | ६१,२९७,४८४ | (५८,३४५,१८७) | ६१,२१०,३०६ |
| **नाफा/नोक्सानमा वर्गिकरण नगरिने खुद अन्य विस्तृत आम्दानी** | **१३३,१३८,४९३** | **(१४३,०२७,४६३)** | **१३६,१३८,७७०** | **(१४२,८२४,०४७)** |
| **ख) नाफा/नोक्सानमा पुनःवर्गिकरण गरिएका वा गर्न लायक** | | | | |
| हेजिङ्गबाट भएको नगद प्रवाहको नाफा/(नोक्सान) | – | – | – | – |
| सटही नाफा/(नोक्सान) (विदेशी संचालनको वित्तीय सम्पत्तिको रुपान्तरणमा भएको) | – | – | – | – |
| माथि उल्लेख गरिएका बुँदाको आयकर | – | – | – | – |
| नाफा/(नोक्सान) पुनःवर्गिकरण | – | – | – | – |
| **नाफा/(नोक्सान)मा पुनःवर्गिकरण गरिएका वा गर्न लायक खुद अन्य विस्तृत आम्दानी** | **–** | **–** | **–** | **–** |
| **ग) इक्विटी तरिकाबाट लेखाङ्कित सहायक निकायको अन्य विस्तृत आम्दानीको अंश** | **–** | **–** | **–** | **–** |
| **यस वर्षको आयकर पछिको अन्य विस्तृत आम्दानी** | **१३३,१३८,४९३** | **(१४३,०२७,४६३)** | **१३६,१३८,७७०** | **(१४२,८२४,०४७)** |
| **जम्मा विस्तृत आम्दानी** | २,३७२,८४५,८५५ | ३,१५३,६५०,६९१ | २,३८०,५३४,०७४ | ३,०७९,७२३,२४६ |
| **कुल विस्तृत आम्दानीको बाँडफाँड** | | | | |
| बैंकको इक्विटी शेयरधनी | २,३९७,५७०,८२९ | ३,१६६,४२८,४२७ | २,३८०,५३४,०७४ | ३,०७९,७२३,२४६ |
| गैर नियन्त्रित स्वार्थ (Non Controlling Interest) | (२४,७२४,९७४) | (१२,७७७,७३६) | – | – |
| **यस वर्षको जम्मा विस्तृत आम्दानी** | **२,३७२,८४५,८५५** | **३,१५३,६५०,६९१** | **२,३८०,५३४,०७४** | **३,०७९,७२३,२४६** |

**एकीकृत नगद प्रवाह विवरण**

२०८० श्रावण १ गते देखि २०८१ आषाढ ३१ गते सम्मको (१७ जुलाई २०२३ देखि १५ जुलाई २०२४ सम्म)

रकम रु. मा

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | आषाढ मसान्त २०८१ | आषाढ मसान्त २०८० | आषाढ मसान्त २०८१ | आषाढ मसान्त २०८० |
| **कारोवार संचालनबाट नगद प्रवाह** | | | | |
| व्याज प्राप्ती | २२,६५८,९३३,२४४ | २३,५३३,४१५,६३६ | २२,५७०,७६८,३३४ | २२,८०५,०९८,४३३ |
| शुल्क तथा अन्य प्राप्ती | २,१५५,८७७,०२४ | २,०३८,१९३,४१६ | १,९८४,१४५,०१० | १,८४०,६५३,९१३ |
| लाभांश प्राप्ती | – | – | – | – |
| अन्य कारोवार संचालनबाट प्राप्ती | २१०,९८८,८३० | २७३,०४१,८७२ | २१०,९८८,८३० | २६२,४४७,७८३ |
| व्याज भुक्तानी | (१७,७८५,६१४,४८८) | (१९,२७१,७६३,३१६) | (१७,७८५,६१४,४८८) | (१८,८१५,१८८,१७१) |
| कमिशन तथा शुल्क भुक्तानी | (३११,२२३,७९६) | (२८४,६५४,०५६) | (३११,२२३,७९६) | (२८४,६५४,०५६) |
| कर्मचारीहरुलाई नगद भुक्तानी | (२,२५२,११६,६२५) | (२,३०६,२४३,६५२) | (२,१९९,३६८,३४७) | (२,०६४,०३३,०२१) |
| अन्य खर्च भुक्तानी | (१,६२४,९८३,०२२) | (१,२५७,७८७,९२५) | (१,५७०,०१५,६९७) | (१,१०३,८७८,३६८) |
| **संचालन सम्पत्ति र दायित्वको घटबढ अघिको संचालन नगद प्रवाह** | **३,०५१,८६१,१६७** | **२,७२४,२०१,९७४** | **२,८९९,६७९,८४६** | **२,६४०,४४६,५१४** |
| **संचालन सम्वन्धी चालु सम्पत्तिमा घट/(बढ)** | | | | |
| नेपाल राष्ट्र बैंकबाट बाँकी रकममा | ३४९,००९,६१४ | (१,३१२,१६७,२०३) | ३४९,००९,६१४ | (१,३१२,१६७,२०३) |
| बैंक तथा वित्तीय संस्थाहरुमा रहेको मौज्दातमा | (२,२७९,९१९,१३५) | (२०९,०६१,०००) | (२,२७९,९१९,१३५) | (२०९,०६१,०००) |
| अन्य व्यापारिक सम्पत्तिमा | २४,७५०,००० | (२४,७५०,०००) | २४,७५०,००० | (२४,७५०,०००) |
| बैंक तथा वित्तीय संस्थाहरुलाई दिइएको कर्जा तथा सापटीमा | (१,०२७,४५४,०३०) | (१,१९१,९८५,९७६) | (१,०२७,४५४,०३०) | (१,१९१,९८५,९७६) |
| ग्राहकलाई दिइएको कर्जा तथा सपटीमा | (६,११४,९४१,०८६) | (१३,७०२,६९५,०७०) | (६,११४,९४१,०८६) | (१४,६०२,२९०,६१६) |
| अन्य सम्पत्तिमा | (४,२६०,५१५,६७७) | (३४३,८७५,१७०) | (३,६९९,५४०,०००) | ५७,७७८,७८० |
| **कुल** | **(१३,३०९,०७०,३१४)** | **(१६,७८४,५३४,४१८)** | **(१२,७४८,०९४,६३७)** | **(१७,२८२,४७६,०१४)** |
| **संचालन सम्वन्धी चालु दायित्वमा घट/(बढ)** | | | | |
| बैंक तथा वित्तीय संस्थाहरुलाई दिनु पर्ने बाँकी रकममा | ४२५,९२२,४७५ | १,१६६,७६२,५१२ | ४२५,९२२,४७५ | १,१६६,७६२,५१२ |
| नेपाल राष्ट्र बैंकलाई दिनु पर्ने बाँकी रकममा | (३३७,०३६,०६९) | (५,७१०,३७९,३२५) | (३३७,०३६,०६९) | (५,७१०,३७९,३२५) |
| ग्राहकको निक्षेपमा | १३,८९६,३८०,९४८ | २५,०२९,४९०,२६६ | १३,६३७,९०४,७०३ | २५,४७५,६३९,३४३ |
| ऋण सापटीमा | (३,२६२,२४७,०७८) | १,४९९,४००,४३५ | (३,२६२,२४७,०७८) | १,८१७,५०३,३७९ |
| अन्य दायित्वमा | (२,४०६,८९७,७८३) | ४५६,२१४,७६९ | (२,७७५,२२९,७५६) | १६९,९६३,१८३ |
| **आयकर अगाडीको कार्यगत गतिविधिबाट खुद नगद प्रवाह** | **८,३१६,१२२,४९३** | **२२,४४१,४८८,६५५** | **७,६८९,३१४,२७५** | **२२,९१९,४८९,०९२** |
| आयकर भुक्तानी | (२,९००,७९१,१४६) | (१,४२८,८४६,१०४) | (२,८९३,४००,१४६) | (१,३९८,८४६,१०४) |
| **कार्यगत गतिविधिबाट खुद नगद प्रवाह** | **(४,८४१,८७७,८००)** | **६,९५२,३१०,१०७** | **(५,०५२,५००,६६३)** | **६,८७८,६१३,४८८** |
| **लगानी कारोवारमा नगद प्रवाह** | | | | |
| धितोपत्र खरिद | (३२२,३४५,३४०,०१५) | (४०,८१७,७९९,४९३) | (३२२,१८४,०३४,३४७) | (४०,४१०,१२८,२००) |
| धितोपत्र विक्री | ३२३,२७०,०५७,५४० | ४१,२१०,९५९,९५१ | ३२३,२७०,०५७,५४० | ४०,८८२,९५७,४९१ |
| स्थिर सम्पत्तिको खरिद | (३१६,८४७,२३६) | (२८०,६२८,२०२) | (३१६,६०८,२०२) | (२५७,४९५,८६९) |
| स्थिर सम्पत्तिको विक्री | २६,३६५,००० | १९,३८५,७४६ | २६,३६५,००० | १९,३८५,७४६ |
| अमूर्त सम्पत्तिको खरिद | (२२,४९२,७३०) | (८,८३५,८८१) | (२१,०१९,०००) | (९,०४७,२६०) |
| अमूर्त सम्पत्तिको विक्रीबाट प्राप्ती | – | – | – | – |
| लगानी सम्पत्ति खरिद | (२४१,८१४,०००) | (४०५,१८६,०००) | (२४१,८१४,०००) | (४०५,१८६,०००) |
| लगानी सम्पत्ति विक्रीबाट प्राप्ती | ८८,०८५,००० | – | ८८,०८५,००० | – |
| सहायक कम्पनी, सम्वद्ध र संयुक्त उद्यममा भएको लगानी | – | (४००,०००,०००) | – | (४००,०००,०००) |
| व्याज प्राप्ती | २,८७५,१२०,४८० | २,२११,६११,४६२ | २,८७५,१२०,४८० | २,२११,६११,४६२ |
| लाभांश प्राप्ती | ६७,४३०,९६८ | ११६,११३,९०९ | ६७,४३०,९६८ | ११६,११३,९०९ |
| **लगानी कारोवारमा प्रयोग भएको खुद नगद** | **३,४००,५६५,००८** | **१,६४५,६२१,४९२** | **३,५६३,५८३,४४०** | **१,७४८,२११,२७९** |
| **वित्तीय श्रोत कारोवारबाट नगद प्रवाह** | | | | |
| ऋणपत्र निष्काशनबाट प्राप्ती | – | ४,०००,०००,००० | – | ४,०००,०००,००० |
| ऋणपत्रको भुक्तानी | – | – | – | – |
| असुरक्षित दायित्वको निष्काशनबाट प्राप्ती | – | – | – | – |
| असुरक्षित दायित्वमा भएको भुक्तानी | – | – | – | – |
| शेयर निष्काशनबाट प्राप्ती | | २००,०००,००० | – | – |
| लाभांश भुक्तानी | – | (१,५१५,२५३,२४२) | – | (१,५१५,२५३,२४२) |
| व्याज भुक्तानी | – | – | – | – |
| अन्य प्राप्ती/भुक्तानी | २६,५९८,९५१ | ४१,४०७,८३५ | – | – |
| **वित्तीय श्रोत कारोवारबाट खुद नगद** | **२६,५९८,९५१** | **२,७२६,१५४,५९४** | **–** | **२,४८४,७४६,७५८** |
| **नगद प्रवाहमा भएको खुद घट/(बढ)** | **(१,४१४,७१३,८४१)** | **११,३२४,०८६,१९३** | **(१,४८८,९१७,२२२)** | **११,१११,५७१,५२५** |
| नगद तथा नगद समानको शुरुवाती मौज्दात | २४,७११,८४६,६०० | १३,३२८,६८९,०५० | २३,९५८,२७९,९३५ | १२,७८७,६३७,०५२ |
| मर्जरबाट प्राप्त नगद तथा नगद समान | – | – | – | – |
| नगद तथा नगद समानको विनिमय दरमा भएको फरक | १०१,२३९,९९४ | ५९,०७१,३५७ | १०१,२३९,९९४ | ५९,०७१,३५७ |
| **नगद तथा नगद समानको अन्तिम मौज्दात** | **२३,३९८,३७२,७५३** | **२४,७११,८४६,६००** | **२२,५७०,६०२,७०७** | **२३,९५८,२७९,९३५** |

**एनएमबि बैंकको इक्विटी धारकलाई बाँडफाँड योग्य इक्विटी**

२०८० श्रावण १ गते देखि २०८१ आषाढ ३१ गते सम्मको (१७ जुलाई २०२३ देखि १५ जुलाई २०२४ सम्म) बैंकको इक्विटी धारकलाई बाँडफाँड योग्य इक्विटी

रकम रु. मा

| विवरण | शेयर पुंजी | शेयर प्रिमियम | साधारण जगेडा कोष | सटही घटबढ कोष | नियामक कोष | फेयर भ्यालु कोष | पुनर्मुल्याङ्कन कोष | सञ्चित नाफा | अन्य कोष | कुल रकम | नियन्त्रण नहुने स्वार्थ | कुल इक्विटी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **श्रावण १, २०८० सालको मौज्दात** | **१८,३६६,७०५,९५९** | **–** | **४,९६१,२३०,९५५** | **१५६,९७६,३२९** | **२,४२५,५०५,७०५** | **१५०,७४०,९८५** | **–** | **१,१४०,८३०,२४०** | **१,२३२,४३१,२२६** | **२८,४३४,४२१,३९७** | **–** | **२८,४३४,४२१,३९७** |
| अघिल्लो अवधिको समायोजन | – | – | – | – | – | – | – | (१,८४३,४४४,२२१) | – | (१,८४३,४४४,२२१) | – | (१,८४३,४४४,२२१) |
| **श्रावण १, २०८० समायोजित/पुनःस्थापित मौज्दात** | **१८,३६६,७०५,९५९** | **–** | **४,९६१,२३०,९५५** | **१५६,९७६,३२९** | **२,४२५,५०५,७०५** | **१५०,७४०,९८५** | **–** | **(७०२,६१३,९८१)** | **१,२३२,४३१,२२६** | **२६,५९०,९७७,१७६** | **–** | **२६,५९०,९७७,१७६** |
| **यस वर्षको विस्तृत आम्दानी** | – | – | – | – | – | | – | – | | | | |
| नाफा | – | – | – | – | – | – | – | २,२४४,३९५,३०४ | – | २,२४४,३९५,३०४ | – | २,२४४,३९५,३०४ |
| आयकर पश्चातको अन्य विस्तृत आम्दानी | – | – | – | – | – | – | – | – | | | | |
| फेयर भेल्युमा मुल्याङ्कन गरिएका इक्विटी उपकरणका लगानीबाट भएका नाफा/नोक्सान | – | – | – | – | – | १९१,९६०,७६९ | – | – | – | १९१,९६०,७६९ | – | १९१,९६०,७६९ |
| पुनः मुल्याङ्कनबाट भएका नाफा/नोक्सान | – | – | – | – | – | – | – | – | | | | |
| परिभाषित लाभ योजनाबाट विमाङ्किक नाफा/नोक्सान | – | – | – | – | – | – | – | | (५५,८२१,९९८) | (५५,८२१,९९८) | – | (५५,८२१,९९८) |
| नगद प्रवाहको हेजिङ्गबाट भएको नाफा/नोक्सान | – | – | – | – | – | – | – | – | – | – | – | – |
| विदेशी विनिमय संचालनको वित्तीय सम्पत्ति विनिमयबाट भएको सटही नाफा/नोक्सान | – | – | | – | – | – | – | – | – | – | – | – |
| **यस वर्षको विस्तृत आम्दानी** | **–** | **–** | **–** | **–** | **–** | **१९१,९६०,७६९** | **–** | **२,२४४,३९५,३०४** | **(५५,८२१,९९८)** | **२,३८०,५३४,०७४** | **–** | **२,३८०,५३४,०७४** |
| **जगेडा कोषमा सारिएको रकम** | **–** | **–** | **४४८,८७९,०६१** | **२५,३०९,९९९** | **५९७,१०८,६४८** | **–** | **–** | **(१,६३५,६२२,१०५)** | **५६४,३२४,३९८** | **–** | **–** | **–** |
| साधारण जगेडा कोष | – | – | ४४८,८७९,०६१ | – | – | – | – | (४४८,८७९,०६१) | | | | |
| लगानी समायोजन कोष | – | – | – | | | – | – | | | | | |
| सटही घटबढ कोष | – | – | – | २५,३०९,९९९ | – | – | – | (२५,३०९,९९९) | | | | |
| संस्थागत सामाजिक उत्तरदायित्व कोष | – | – | – | – | – | – | – | १३,१३६,९५२ | (१३,१३६,९५२) | – | – | – |
| ग्राहक संरक्षण कोष | – | – | – | – | – | – | – | – | – | – | – | – |
| स्थगन कर कोष | – | – | – | – | – | – | – | – | – | – | – | – |
| कर्मचारी दक्ष अभिबृद्दि कोष | – | – | – | – | – | – | – | (१०,७९४,९७१) | १०,७९४,९७१ | – | – | – |
| नियामक जगेडा कोष | – | – | – | – | ५९७,१०८,६४८ | – | – | (५९७,१०८,६४८) | – | – | – | – |
| एनएमबि कर्मचारी राहत कोष | – | – | – | – | – | – | – | – | – | – | – | – |
| ऋणपत्र भुक्तानी कोष | – | – | – | – | – | – | – | (५६६,६६६,३७९) | ५६६,६६६,३७९ | – | – | – |
| **जगेडा कोषबाट सारिएको रकम** | **–** | **–** | **–** | **–** | **–** | **–** | **–** | **–** | **–** | **–** | **–** | **–** |
| फेयर भ्यालु कोष - लगानीहरु विक्री | – | – | – | – | – | – | – | – | – | – | – | – |
| ऋणपत्र भुक्तानी कोष | – | – | – | – | – | – | – | – | – | – | – | – |
| एनएमबि कर्मचारी राहत कोष | – | – | – | – | – | – | – | – | – | – | – | – |
| संस्थागत सामाजिक उत्तरदायित्व कोष | – | – | – | – | – | – | – | – | – | – | – | – |
| लगानी समायोजन कोष | – | – | – | – | – | – | – | – | – | – | – | – |
| इक्विटीमा देखाइएको शेयरधनी सँगको कारोवार | – | – | – | – | – | – | – | – | – | – | – | – |
| मर्जरबाट प्राप्त | – | – | – | – | – | – | – | – | – | – | – | – |
| शेयर निष्काशन | – | – | – | – | – | – | – | – | – | – | – | – |
| ख्यातीको लेखाङ्कन | – | – | – | – | – | – | – | – | – | – | – | – |
| **शेयरमा आधारित भुक्तानी** | **–** | **–** | **–** | **–** | **–** | **–** | **–** | **–** | **–** | **–** | **–** | **–** |
| **शेयरधनीलाई लाभांश वितरण** | **–** | **–** | **–** | **–** | **–** | **–** | **–** | **–** | **–** | **–** | **–** | **–** |
| बोनस शेयर निष्काशन | – | – | – | – | – | – | – | – | – | – | – | – |
| नगद लाभांश भुक्तानी | – | – | – | – | – | – | – | – | – | – | – | – |
| **जम्मा योगदान तथा बाँडफाँड** | | – | – | – | – | – | – | | | | | |
| आषाढ २०८१ को अन्त्य मौज्दात | १८,३६६,७०५,९५९ | – | ५,४१०,११०,०१५ | १८२,२८६,३२७ | ३,०२२,६१४,३५३ | ३४२,७०१,७५४ | – | (९३,८४०,७८२) | १,७४०,९३३,६२५ | २८,९७१,५११,२५१ | – | २८,९७१,५११,२५१ |

NMB BANK
एनएमबि बैंक
समृद्ध नेपालको लागि

A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands

Member of Global Alliance for Banking on Values

The Banker Bank of the Year 2021 ASIA
Bank of the Year, ASIA 2021
Bank of the Year, Nepal 2017, 2018, 2020 & 2021

NMB Bank Limited, Babarmahal, Kathmandu, Nepal,
GPO Box:11543, Tel: 977 1 5346160 | Call Center: 977-5970150
Fax: 977 1 4246156, Web: www.nmb.com.np
swiftcode: NMBBNPKA